बैठक संख्या- ६२

आज मिति २०७६ साल पौष ४ गतेका ~~सोमबारका~~ शुक्रबारका दिन यस कनकाई नगरपालिका कार्यालयका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्ष्यतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | राजेन्द्र कुमार पोखरेल– |
| २. | नगर उप प्रमुख | मञ्जु प्रसाई– |
| ३. | वडा अध्यक्ष | रोशन राज पोखरेल– |
| ४. | वडा अध्यक्ष | परशुराम गिरी – |
| ५. | वडा अध्यक्ष | रुद्र प्रसाद चिमरीया– |
| ६. | वडा अध्यक्ष | गोबिन्द प्रसाद पौडेल– |
| ७. | वडा अध्यक्ष | कृष्ण बहादुर राई– |
| ८. | वडा अध्यक्ष | लक्ष्मी प्रसाद ओली – |
| ९. | वडा अध्यक्ष | लीला बहादुर कन्दवा |
| १० | वडा अध्यक्ष | प्रेम बहादुर कटुवाल– |
| ११. | वडा अध्यक्ष | प्रेम प्रसाद राजवंशी– |
| १२. | कार्यपालिका सदस्य | सिता अधिकारी– |
| १३. | कार्यपालिका सदस्य | साबित्रा बर्देवा– |
| १४. | कार्यपालिका सदस्य | चुवा लाल राजवंशी– |
| १५. | कार्यपालिका सदस्य | देबेन्द्र कुमार दर्जी– |
| १६. | कार्यपालिका सदस्य | कृष्ण माया भुजेल– |
| १७. | कार्यपालिका सदस्य | सुनिता खरेल सिग्देल– |
| १८. | कार्यपालिका सदस्य | नवलकिशोर दत्त कायस्थ– |
| १९. | कार्यपालिका सदस्य | मुना बयलकोटी |
| २० | सदस्य सचिव प्र प्र अ | खरुदेव चुडाल |

अन्य कर्मचारी:

प्र.अ विवेक भण्डारी

प्रस्तावहरु

१ ऐन कार्यविधि निर्माण सम्बन्धमा ।

२. माई मेलाको ठेक्का सम्बन्धमा ।

३. शीतलहर व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकाको भूमि सम्बन्धी विधेयकको मस्यौदा तथा टोल विकास संस्था सम्बन्धी कार्यविधि को मस्यौदा निर्माण गर्न विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको वडा नं. ४ महेन्द्र राजमार्ग उत्तरकोटीहोम पश्चिम कनकाई नदिको पूर्वि किनार क्षेत्रमा परम्परागत रुपमा सञ्चालन हुदै आएको धार्मीक रमाईलो माईमेला (मक्करमेला) को बजार व्यवस्थापन ठेक्काको लागि मु अ क बाहेक रु ८,००,०००।- ( अक्षरेपी रु आठ लाख मात्र) लाई न्युनतम ठेक्का अंक कायम गरी १५ दिने सूचना जारी गर्ने निर्णय गरियो । साथै उक्त मेला संचालनका लागि आवश्यक स्वीकृति तथा शान्ति सुरक्षाको व्यवस्था को लागि जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा शीतलहर व्यवस्थापनका लागि चोकचोकमा दाउरा वितरण गर्ने तथा अति विपन्न परिवारहरुका लागि न्यानो कपडा वितरण गर्ने निर्णय गरियो ।